**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ जून २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- रेलमन्त्री अश्विनी वैष्णवले पश्चिम बंगालमा लामो समयदेखि रोकिएका रेलवे परियोजनाहरूको समाधानले राज्यमा रेलवे पूर्वाधार विकासको नयाँ युगको सुरुवात गर्ने बताउनु भएको छ।

- पश्चिम बंगाल सरकारले नागरिकता संशोधन अधिनियमा (CAA) विरुद्ध २०१९ मा भएको विरोध प्रदर्शनका क्रममा सार्वजनिक सम्पत्तिमा भएको कथित क्षति र हिंसाको घटनाहरूको जाँच गर्न आदेश दिएको छ।

- राज्य सरकारले ग्रामीण आवास योजनाका वास्तविक लाभार्थीहरूको पहिचानलाई अझ पारदर्शी, निष्पक्ष र राजनीतिक प्रभावमुक्त बनाउन "स्व-सर्वेक्षण" प्रणाली लागू गर्ने निर्णय गरेको छ।

- पश्चिम बंगालको सत्तारुढ भारतीय जनता पार्टी सरकारले राज्यका सबै मदरसाहरूको सर्वेक्षण गर्न निर्देश दिएको छ।

- उत्तर बंगाल र सिक्किम क्रिड़ा भारतीको वार्षिक बैठक सिलगढीको मारवाड़ी पैलेसमा आज सम्पन्न भयो।

- मिरिक खण्डको दुईवटा ग्राम पञ्चायतका प्रधान, उपप्रधान अनि सदस्यहरूले भागोप्रमो अनि आईजीजेएफबाट राजीनामा दिएका छन्।

**<u>वैष्णव – बंगाल रेलवे</u>**

रेलमन्त्री अश्विनी वैष्णवले पश्चिम बंगालमा लामो समयदेखि रोकिएका रेलवे परियोजनाहरूको समाधानले राज्यमा रेलवे पूर्वाधार विकासको नयाँ युगको सुरुवात गर्ने बताउनु भएको छ। पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीसँग कोलकताको नबन्नामा संयुक्त पत्रकार सम्मेलनमा श्री वैष्णवले २०२६-२७ को लागि रेलवे बजेटमा पश्चिम बंगालको लागि १४ हजार २ सय ५ करोड रुपियाँ आवान्टन गरिएको बताउनु भयो। उहाँले राज्यमा १० अमृत भारत स्टेशनहरू पहिले नै सम्पन्न भइसकेको , जबकि ९ वटा वन्दे भारत एक्सप्रेस र धेरै अमृत भारत रेलहरू सञ्चालनमा रहेको बताउनु भयो। रेलमन्त्रीले आगामी पाँच वर्षमा कोलकता मेट्रोको लागि ६० नयाँ रेलहरू सुरु गर्ने घोषणा गर्नु भयो। उहाँले प्रस्तावित दिल्ली-लखनऊ-वाराणसी-पटना-सिलगढ़ी बुलेट ट्रेन करिडोर र दानकुनी-सुरत पूर्व-पश्चिम फ्रेट करिडोरको पनि उल्लेख गर्नु भयो। उहाँले यी परियोजनाहरूले राज्यमा आर्थिक र औद्योगिक विकासलाई गति दिने बताउनु भयो।श्री वैष्णवले चिंग्रीघाटा मेट्रो परियोजना शुरुमा अघिल्लो तृणमूल कांग्रेस सरकारको सहयोगको अभावमा रोकिएको , तर नयाँ सरकार गठन भएको १२० घण्टा भित्र पूरा भएको बताउनु भयो।

BYTE

यसैबीच मुख्यमन्त्री शुभेन्दु अधिकारीले केन्द्र र राज्य सरकारले संयुक्त रूपमा १ लाख करोड रुपियाँभन्दा बढीको रेलवे पूर्वाधार परियोजनाहरू कार्यान्वयन गर्न बताउनु भयो। उहाँले भन्नु भयो, पश्चिम बंगालमा १०२ अमृत भारत स्टेशनहरू र ५ सय ३८ फ्लाईओभर र अन्डरपासहरू निर्माण गर्ने योजना रहेको बताउनु भयो।

मुख्यमन्त्रीले भन्नु भयो, ६१ रेलवे परियोजनाहरूको लागि जग्गा अधिग्रहण प्रक्रिया चलिरहेको छ, र तिनीहरूको प्रगतिको निगरानी गर्न मुख्य सचिवको कार्यालयमा एक विशेष सेल स्थापना गरिएको छ।

**बंगाल सीएए**

पश्चिम बंगाल सरकारले नागरिकता संशोधन अधिनियमा (CAA) विरुद्ध २०१९ मा भएको विरोध प्रदर्शनका क्रममा सार्वजनिक सम्पत्तिमा भएको कथित क्षति र हिंसाको घटनाहरूको जाँच गर्न आदेश दिएको छ। यस सम्बन्धमा राज्यका कार्यवाहक पुलिस महानिदेशक सिद्धनाथ गुप्तालाई निर्देशन जारी गरिएको छ। सरकारी स्रोतहरूका अनुसार, मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यका विभिन्न भागहरूमा तोडफोड, आगजनी र सार्वजनिक सम्पत्तिमा भएको क्षतिको आरोप सहित त्यस समयमा दर्ता भएका सबै उजुरीहरूको विस्तृत जाँच गर्न निर्देशन दिनु भएको  छ। यसका लागि राज्य पुलिस भित्र विशेष जाँच एकाइ (विशेष सेल) स्थापना गर्ने निर्णय पनि गरिएको छ।

**बंगाल – ग्रामीण आवास योजना**

पश्चिम बंगाल सरकारले ग्रामीण आवास योजनाका वास्तविक लाभार्थीहरूको पहिचानलाई अझ पारदर्शी, निष्पक्ष र राजनीतिक प्रभावमुक्त बनाउन "स्व-सर्वेक्षण" प्रणाली लागू गर्ने निर्णय गरेको छ। यस नयाँ प्रणाली अन्तर्गत, योग्य नागरिकहरूले आफैं आवास योजनाको लागि आवेदन दिन सक्नेछन्। जिल्ला प्रशासन र सम्बन्धित विभागहरूलाई जुलाई २० सम्ममा सम्पूर्ण प्रक्रिया पूरा गर्न आवश्यक निर्देशनहरू जारी गरिएको छ। नवन्ना अनुसार, सबै जिल्लाका जिल्ला पालहरूलाई विस्तृत निर्देशनहरू जारी गरिएको छ। निर्देशनहरू अनुसार, आवेदकहरूले आफ्नो मोबाइल फोनमा "आवास प्लस २०२४" र "आधार फेस आरडी" एपहरू डाउनलोड गर्नु पर्नेछ र आधार पहिचान प्रमाणिकरण मार्फत आवेदन दिनुपर्नेछ। सम्पूर्ण सर्वेक्षण र प्रमाणिकरण प्रक्रिया जुलाई २० सम्ममा पूरा गरिसक्नुपर्छ। जिल्ला प्रशासन र सम्बन्धित विभागहरूलाई तुरुन्तै आवश्यक तयारी सुरु गर्न भनिएको छ।

**बंगाल- मदरसा सर्वेक्षण**

पश्चिम बंगालको  सत्तारुढ भारतीय जनता पार्टी सरकारले राज्यका सबै मदरसाहरूको सर्वेक्षण गर्न निर्देश दिएको छ। नवन्नाले सबै जिल्लापाललाई ५ जुलाईसम्म जिल्लागत प्रतिवेदन बुझाउन निर्देशन दिएको छ। प्रतिवेदनमा मदरसासँग सम्बन्धित सबै जानकारी उपलब्ध गराउनुपर्ने उल्लेख छ। सरकारले स्पष्ट पारेको छ, यो कदम प्रशासनिक कार्यहरू सुधार गर्ने र मदरसा शिक्षाको योजना बनाउने उद्देश्यले गरिएको हो। प्रतिवेदनको आधारमा, विद्यार्थीहरूको सुरक्षा, मदरसाहरू कायम राख्न र शिक्षा प्रणालीलाई सुदृढ पार्न आवश्यक कदम चालिनेछ। सरकारले भनेको छ , यो सर्वेक्षणले कुनै मदरसामा कुनै अनियमितता वा गैरकानूनी गतिविधि भइरहेको छ कि छैन भनेर पनि निर्धारण गर्नेछ। यदि कुनै अनियमितता पत्ता लाग्यो भने, नियमअनुसार कारबाही गरिनेछ। यद्यपि, राज्य सरकारले यो सर्वेक्षणको आधारमा कुनै पनि मदरसा बन्द गरिने छैन, न त विद्यार्थीहरूलाई शिक्षाबाट वञ्चित गरिनेछ भन्ने आश्वासन पनि दिएको छ। मदरसाहरूमा पढाइ सामान्य रूपमा जारी रहनेछ। उल्लेखनीय छ, केही दिन अघि, राज्य मदरसा शिक्षा विभागले सबै मदरसाहरूमा कक्षा सुरु हुनु अघि प्रार्थना सभाको समयमा "वन्दे मातरम" गाउन अनिवार्य गर्ने निर्देशन जारी गरेको थियो।  १९ मईमा जारी गरिएको यो निर्देशनमा भनिएको थियो कि हरेक दिन स्कूलको प्रार्थना सभामा "वन्दे मातरम्" गाइनेछ।

**गोर्खाल्याण्ड एकटिभिष्ट समुह**

सिलगढीलाई छुट्टै जिल्ला बनाउँदा दार्जिलिङ पहाडलाई धेरै असुविधा हुने र गोर्खाल्याण्डको मागलाई धक्का पुग्ने गोर्खाल्याण्ड एक्टिभिष्ट समूहले बताएको छ। सिलगढीलाई छुट्टै जिल्ला बनाउने विषयमा खरसाङमा पत्रकार सम्मेलन आयोजना गरेर गोर्खाल्याण्ड एक्टिभिष्ट समूहले यसको विरोध जनाएका छन्। गोर्खाल्याण्ड एक्टिभिष्ट समूहको तर्फबाट युवा प्रभारी आदर्श मंगर र कोर कमिटी सदस्य दिप राईले पत्रकारहरुलाई सम्बोधन गर्दै मतिगढा नक्सलबारीका विधायक आनन्दमय बर्मनले मुख्यमन्त्रीलाई पत्रचार गरेर सिलगढीलाई छुट्टै जिल्ला बनाउने माग गरेपछि यसले तुल पक्रेको बताएका छन्। पत्रकारहरुलाई सम्बोधन गर्दै गोर्खाल्याण्ड एक्टिभिष्ट समूहको तर्फबाट युवा प्रभारी आदर्श मंगरले सिलगढीलाई छुट्टै जिल्ला बनाए पहाडलाई के

कस्तो असुविधा हुन्छ र पहाडले पुराना कुरा कसरी दर्शाउन सक्छ साथै यस विषयमा गोर्खाहरुले के गर्नु पर्ने भन्ने विषयमा गोर्खाल्याण्ड एक्टिभिष्ट समूहले काम गरिरहेको बताउनु भयो।

**क्रिड़ा भारती सिलगढी**

उत्तर बंगाल र सिक्किम क्रिड़ा भारतीको वार्षिक बैठक सिलगढीको मारवाड़ी पैलेसमा आज सम्पन्न भयो। बैठकमा उत्तर बंगालका दार्जिलिंग,कालेबुंग जिल्ला सहित सबै 8 जिल्लाहरू अनि सिक्किमका सबै जिलाहरूबाट आएका झण्डै 250 भन्दा बढी कार्यकर्ताहरूको बाक्लो उपस्थिति थियो। प्रख्यात फूटबल खेलाडी भाईचुंग भूटिया र हक्की खेलाडी भारत छेत्रीको विशेष  उपस्थिति थियो।

BYTE

**पञ्चायत बोर्ड बिघटन**

मिरिक खण्डको दुईवटा ग्राम पञ्चायतका प्रधान, उपप्रधान अनि सदस्यहरूले भागोप्रमो अनि आईजीजेएफबाट राजीनामा दिएका छन्। आज पहिला गाउँ स्कूल डाँड़ा दुई ग्राम पञ्चायतका प्रधान जयन्ती सुब्बा, उपप्रधान किस्मत सुब्बा अनि सदस्यहरू दिपेन्द्र राई, सोनिया तामाङ अनि सुष्मिता देवानले आज सामुहिक राजीनामा दिएका छन्। उनीहरूले उक्त राजीनामा पत्र पार्टी अध्यक्ष अनित थापा समक्ष पठाएको अनि यसको प्रतिलिपि  मिरिक महकुमा शासक, खण्ड विकास अधिकारी अनि समष्टिको सभासदलाई पनि सुम्पिने बताएका छन्। यसरी नै हिज मिरिक खण्ड अन्तर्गत डुप्टिन ग्राम पञ्चायतका प्रधान शर्मिला राई, उपप्रधान मानव सुब्बा, सदस्य दमित लेप्चाले भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाबाट अनि अर्का पञ्चायत सदस्य जुगल प्रधानले इण्डियन गोर्खा जनशक्ति फ्रण्डको साधारण सदस्यबाट राजीनामा दिएका छन्। यी दुवै पञ्चायतमा हालसम्म भागोप्रमोको बोर्ड रहेको थियो भने उनीहरूको राजीनामापछि दुवै पञ्चायतमा भागोप्रमोको बोर्ड ढलेको छ।

**साहित्य सुनौ – मासिक प्रकण**

साहित्य सुनौ परिवार मिरिकले आज कृष्णनगरको एउटा होटलको प्रेक्षागृहमा मासिक कथा तथा कविता वाचनको 124 औँ प्रकरण सम्पन्न गर्यो। संस्थाका सचिव यज्ञनिधि ढकालको सञ्चालनमा भएको कार्यक्रमको अध्यक्षता अमर दुङमालीले गर्नु भएको थियो। कार्यक्रममा उपस्थित साहित्यकारहरूले कविता,लघु कथा,मुक्तक अनि संस्मरणहरू वाचन गरेका थिए। यसरी नै वाचन गरिएका रचनाहरूको समीक्षा सन्तप्रकाश राईले गर्नु भएको थियो। कार्यक्रमपछि पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा साहित्य सुनौ परिवारका सह सचिव अजम प्रधानले आजको प्रकरणमा उपस्थित सम्पुर्ण साहित्यकारहरूप्रति आभार प्रकट गर्नु हुँदै भोली आइतबारको दिन साहित्य सुनौ परिवारको आयोजनामा स्रष्टा यज्ञनिधि ढकालको समिश्रण  कृति लोकार्पण कार्यक्रममा सबैलाई उपस्थित भइदिने अनुरोध गर्नु भयो।

**सियाराम सनातनी - मङ्पु**

सियाराम सनातनी महासभा संगठनका सदस्यहरूले आज मुङ्पुमा पहिलो वार्षिक कार्यक्रम आयोजना गरेको छ। कार्यक्रम मार्फत दार्जिलिङ जिल्लाको नयाँ समिति गठन गरिएको जानकारी दिइएको छ। राष्ट्रिय स्तरमा सञ्चालन भइरहेको यस संगठनका देशभर शाखाहरू रहेका छन्। संगठनका पदाधिकारीहरूका अनुसार यसको मुख्य उद्देश्य आर्थिक तथा सामाजिक रूपमा पिछडिएका सनातनी समुदायका व्यक्तिहरूको संरक्षण गर्नुका साथै सनातन दर्शन र संस्कृतिलाई समर्थन गर्ने व्यक्तिहरूलाई सहयोग तथा प्रोत्साहन प्रदान गर्नु हो। पत्रकार सम्मेलनमा बोल्दै संगठनका प्रतिनिधिहरूले विगत एक वर्षमा गरिएका सामाजिक तथा धार्मिक गतिविधिबारे जानकारी गराउँदै आगामी दिनमा पनि सनातनी समुदायको हित, सांस्कृतिक संरक्षण तथा सामाजिक सेवामा निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे।

**खस भारतीय- बिजनबारी**

खस भारतीय  हितकारी सम्मेलन बिजनबारी आन्चलिक समितिको तत्परता अनि अप्पर साम्सु शाखाको मुख्य आयोजनामा आज गोठ-धूप अनि  उभौली पूजा सम्पन्न गरियो। स्थानीय पूर्ण बहादुर रोकाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा

केन्द्रिय अध्यक्ष मदन मिश्र, केन्द्रीय समिति सदस्य  रोशन ठकुरी, बिजनबारी अञ्चालिक सभापति धुर्ब खत्री, लगायत विजनबारी अञ्चलीक समिति अधिनस्तका २६ वटै शाखाका प्रतिनिधिको बिशेश रूपमा उपस्थिति रहेको थियो। यसैबीच कार्यक्रममा विविध सांस्कृतिक प्रदर्शनको साथमा खस संस्कारको मुख्य पर्व गोठ-धुप तथा उभौली पुजाको आयोजना गरियो। अर्कोतिर कार्यक्रमको अवसरमा गाउँका लगभग दुई दर्जन वयोवृद्ध नागरिकलाई नागरिक सम्मान गरियो।

**खोरीबारी – आँधि**

सिलगढ़ी महकुमाको खोरीबारी क्षेत्रमा अवस्थित पताराम जोत गाउँमा गत राति आएको आँधि र भारी वर्षाको कारण रूखहरू ढलेर कम्तिमा 25 घर क्षतिग्रस्त भएको छ।  स्थानीयहरूका अनुसार, रूखहरू ढलेर कतिपयको भान्साकोठाको टिनको छाना भत्किएको साथै कतिपयको घरहरूमा क्षति पुग्यो।  आँधीले दशभन्दा बढी बिजुलीका पोलहरू पनि उखेलेपछि विद्युत सेवा पनि  अवरुद्ध भएको छ। घटनाको जानकारी पाएपछि प्रशासन सक्रिय भयो र आज बिहान राहत र सफाई कार्य सुरु गर्यो। प्रशासनले प्रभावित परिवारहरूलाई सबै सम्भव सहयोगको आश्वासन दिएको छ। हाल गाउँलेहरू प्रशासनिक सहयोग र बिजुली पुनर्स्थापनाको पर्खाइमा छन्।

**********